# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३० | बुटवल | २०८१ साउन ३२, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Aug.16, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


## ठाकुर र ईश्वरीदेवी सभापति चयन



बुटवल । संघीय संसदका दुई संयुक्त समितिले बिहीबार नेतृत्व पाएका छन् । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापतिमा एमाले सांसद ठाकुरप्रसाद गैरे र संसदीय सुनुवाइ समिति सभापतिमा नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपाने सर्वसम्मत चयन भएका हुन् ।

उनीहरुलाई बिहीबार नै सभामुख देवराज घिमिरेले पद तथा गोपनीयताको शपथ गराएका छन् । शपथपछि सभामुख घिमिरेले नवनिर्वाचित सभापतिलाई बधाई तथा कार्यकाल सफलताको कामना व्यक्त गरे ।

शपथपछि सञ्चारकर्मीसँगको कुराकानीमा नवनिर्वाचित सभापतिहरुले समितिको कार्यक्षेत्रभित्र रहेर उद्देश्य प्राप्तिमा लागिपर्ने प्रतिबद्धता व्यक्त गरे ।

## सुत्केरीलाई भाले र घ्यू



**बासुदेव ढकाल**

*रामपुर(पाल्पा)*

पाल्पाको रामपुर नगरपालिका वडा नं.२, पाल्पाले वडा भित्रका सुत्केरी महिलालाई लोकल कुखुराको भाले र घ्यू उपहार दिन सुरु गरेको छ। वडाभित्रको स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवा लिएका सुत्केरी आमालाई 'गर्भवती, सुत्केरी तथा बालबालिका पोषण कार्यक्रम' मार्फत् चालु आर्थिक वर्षदेखि सुत्केरी भएका महिलालाई पोषणको लागि एक वटा कुखुराको भाले र एक केजी घ्यू दिन सुरु गरेको हो ।

गत आर्थिक वर्षमा अण्डा उपहार कार्यक्रम सञ्चालन गरेको वडाले सुरक्षित सुत्केरी कार्यक्रमलाई महत्व दिँदै चालु आर्थिक वर्षदेखि वडाले सुत्केरी आमा र शिशुको पोषणलाई मध्यनजर गर्दै वडा कार्यालयले घरमै पुगेर भाले र घ्यू उपहार दिन सुरु गरेको वडा कार्यालयले जनाएको छ ।

» बाँकी २ पेजमा

# संघीयताले सुध्रेका अस्पताल

**लुम्बिनी संवाददाता**

*बुटवल*




सिद्धार्थनगर नगरपालिका–७ भैरहवा गाउँका जितेन्द्र पासवान स्वास्थ्य जाँच र उपचारका लागि भीम अस्पताल जान थालेको लामो समय भयो । केही वर्ष अघिसम्म अस्पताल पुग्दा जीर्ण पूर्वाधार, उपकरणको अभाव र अस्तव्यस्त व्यवस्थापन देख्दा उनी दिक्क हुन्थे। डाक्टरले अन्यत्र रिफर गरिदिए हुन्थ्यो भन्ने लाग्थ्यो। अहिले भने सकेसम्म यही उपचार गराउन पाए हुन्थ्यो भन्ने लाग्छ, उनलाई। जितेन्द्र भन्छन्–'अस्पतालको पूर्वाधार राम्रो बन्दैछ, जाँचका लागि उपकरण र दक्ष जनशक्ति उपलब्ध छन् । अस्पतालभित्रै फार्मेसी छ । सस्तोमा उपचार हुन्छ ।'

जितेन्द्रले भनेझैं नागरिक अगुवा विजय सागरले पनि भीम अस्पतालको सेवा प्रवाहको गुणस्तर बढेको बताए । सेवा प्रवाहमा भएको सुधारले सरकारी अस्पतालप्रति विश्वास र भरोसा बढेको उनको भनाइ छ । आर्थिक वर्ष २०७५/०७६ मा यहाँ उपचार गर्न दैनिक एक सय बिरामी आउँथे । सामान्य जाँच बाहेकको सेवा उपलब्ध नहुँदा बिरामी थप उपचारको लागि अन्यत्र जान बाध्य थिए। अहिले दैनिक ४ सय बिरामी अस्पताल आउँछन्। आएका बिरामीको विशेषज्ञ डाक्टरबाट जाँच हुन्छ । अस्पतालकि मेडिकल सुपरिटेण्डेन्ट डा. शकुन्तला गुप्ताको भनाइमा, अहिले जटिल खालका बिरामी बाहेक अरू बिरामी उपचार गर्न बाहिर जानु पर्दैन। अस्पतालमा चौविसैघण्टा प्रयोगशाला, सिटीस्क्यान, रक्तसञ्चार र आकस्मिक सेवा उपलब्ध छ। अस्पतालले बाल, आँखा, नाक कान घाँटी, छाला तथा यौन, स्त्री तथा प्रसुति र सर्जरी गरी सात वटा विशेषज्ञ सेवा उपलब्ध गराएको छ।

भीम अस्पताल विसं. १९९० मा स्थापना भएको यस क्षेत्रकै पूरानो अस्पताल हो । अरू अस्पताल नहुँदा बिरामीको सहारा बनेको यो अस्पताल कालान्तरमा आफैं थला पऱ्यो। जीर्ण पूर्वाधार र उपकरणको अभाव एकातिर छँदै थियो। सरूवा भइ आएका दक्ष डाक्टरसहितका जनशक्ति काज मिलाएर हिडिहाल्ने प्रवृत्ति हावी भयो। अस्पतालको सेवा प्रवाह सुधारका लागि प्रदेश सरकारले योजनाबद्ध काम अघि बढाएपछि अहिले नतिजा देखिन थालेको हो।

भीमसहित लुम्बिनी प्रदेशका १३ अस्पताल २०७५ मा प्रदेश सरकार मातहत आए। लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा. विनोद गिरीका अनुसार, प्रदेश सरकार मातहत आएपछि यी अस्पतालको सेवा प्रवाहले गुणस्तरीय फड्को मारेको हो।

'चाहे गर्न सकिन्छ भन्ने यो एउटा उदाहरण हो।'–उनले भने।

**बढ्दो विश्वास**

अस्पतालको उपचार सेवामा गरेको सुधारले बिरामीको संख्या वर्षेनी उकालो लागेको छ। गत आव २०७९/०८० मा अस्पतालको बहिरंग विभागमा ८४ हजार ४ सय ८३ ले जाँच गराएका थिए, भने आव २०८०/०८१ को जेठसम्म १ लाख ३ हजार २ सय बिरामीले सेवा लिए। पाँच वर्षअघि आव २०७५/०७६ मा ३८ हजार ६ सय ७८ बिरामी अस्पताल आएका थिए। लामो समयदेखि २५ शैया रहेको अस्पतालमा स्तरोन्नति भई ५० शैया पुगेको छ। बिरामीको चाप बढेपछि भीम अस्पताल विकास समितिले आन्तरिक स्रोतबाट ७० शैया थप गरेको छ। अहिले अस्पतालमा १ सय २० शैया पुगेको छ।

कुनै बेला बुटवलको लुम्बिनी आयुर्वेद चिकित्सालय बिरामी नभएर सुनसान हुन्थ्यो। स्वास्थ्यकर्मीलाई दिन कटाउन सकस थियो। बिरामी नै नआएपछि दरबन्दीमा आएका डाक्टर बस्न खोज्दैनथे। अहिले आएका बिरामीलाई समयमै उपचार दिन हम्मे-हम्मे भएको छ। चिकित्सालयका प्रमुख डा. प्रवेश श्रीवास्तवका अनुसार, पाँच वर्षअघि दैनिक ४० को हाराहारीमा आउने यो अस्पतालमा अहिले दैनिक १ सय भन्दा बढी बिरामी आउँछन्।

गत वर्ष यो अस्पताल स्तरोन्नति भई १५ शैया भएको छ। चिकित्सालयमा पञ्चकर्म सेवा विस्तार भएको छ। प्रयोगशाला, नागरिक आरोग्य केन्द्र, जेष्ठ नागरिक घरदैलो सेवा र योग सेवा विस्तार हुँदा अस्पतालप्रति विश्वास बढेको छ। औषधि विना विभिन्न थेरापीसहितको विधिबाट गरिने पञ्चकर्मप्रति बढेको आकर्षणले अस्पताललाई बिरामी थेग्न हम्मे-हम्मे भएको छ। दैनिक २५ जनाले पञ्चकर्म विधिबाट उपचार गराउन सक्ने अस्पतालको क्षमता छ। बिरामीको चापले बिरामी दुई महिनासम्म कुर्न बाध्य भएको अस्पतालका प्रमुख डा. श्रीवास्तवले बताए। पञ्चकर्म विधिबाट आब २०७८/०७९ मा १ हजार २ सय २५ ले उपचार गराएकोमा गत आब २०७९/०८० मा ५ हजार ३५ ले उपचार गरका थिए। अहिले यो अस्पतालमा उपचारको लागि भारतबाट समेत आउँछन्।

सात वर्षदेखि ढाडको नशा च्यापिएर समस्यामा परेका नौतनवाका डा. राममनोहर लोहिया र कलेजका शिक्षक सुशिल यादव धेरै अस्पताल धाए। अस्पताल धाउँदा धाउँदै हैरान भएका उनलाई जीवन यत्तिकै हो भन्ने लाग्यो। एक वर्षदेखि पञ्चकर्म विधिबाट यहाँ उपचार गराइरहेका उनलाई अहिले बाँच्ने आशा पलाएको छ। 'यहाँको उपचार विधि निकै राम्रो रहेछ।'–उनले भने।

अस्पतालका प्रमुख डा. श्रीवास्तवको भनाइमा, पञ्चकर्म विधिबाट राम्रो उपचार यहाँका सीमावर्ती भारतीय शहरमा उपलब्ध छैन। स्तरीय उपचारको लागि लखनऊ पुग्नुपर्छ। त्यसैले भारतीय बिरामी यता आएका हुन्।

दैनिक १ सय ५० बिरामी आउने तुलसीपुरको राप्ती प्रादेशिक अस्पतालमा अहिले दैनिक ५ सय बिरामी आउँछन्। विभिन्न विशेषज्ञ डाक्टरको सेवा उपलब्ध छ। अस्पतालको आफ्नै अक्सिजन प्लान्ट र सिटी स्क्यान सेवा उपलब्घ छ। आइसीयु चलाउने प्रक्रिया अघि बढेको छ। पहिले २० जनाले मिर्गौलाको डाइलासिस गर्दै आएकोमा अहिले ७५ जनाले गर्छन्।

» बाँकी २ पेजमा

## थैव एशिया अवार्डमा छनोट



बुटवल । बुटवलका उद्योगी महेश थैव अन्तर्राष्ट्रियस्तरको अवार्डका लागि छनोट भएका छन् । मुलुकको औद्योगिक विकासमा टेवा पुऱ्याउँदै संस्थागत सामाजिक उत्तरदायित्वमा योगदान गरेवापत 'एशियाज् सर्भिसेज क्वालिटी एक्सिलेन्सी अवार्ड फर बेस्ट सिएसआर प्राक्टिस' शीर्षकको अवार्डमा थैव छनोटमा परेका हुन् । यो अवार्ड एशिया अवार्ड्स ब्राण्ड अफ रिसर्च कंग्रेस (लण्डन)ले वितरण गर्दै आएको छ।

महेश र उनका दाजु यज्ञश्वर थैवको संयुक्त लगानीमा आवास ग्रुपअन्तर्गत रुपन्देहीमा १५ वटा र काठमाडौंमा एउटा गरी १६ वटा उद्योग सञ्चालनमा छन्। ती उद्योगमा ३ हजार बढीले रोजगारी पाएका छन् । उनका उद्योगहरु आयात प्रतिस्थापन गर्न टेवा पुराउने प्रकृतिका समेत छन्। विभिन्न ६ चरणमा गरिएको छनोटमा उत्कृष्ट हुँदै नेपालबाट थैव मनोनयनमा परेका हुन् । छनोटमा परेपछि आगामी डिसेम्बर २३ तारिखमा मलेशियामा हुने सो अवार्ड वितरण समारोहमा सहभागी हुन आयोजकले आफूलाई औपचारिक निम्ता दिएको थैवले बताए।

उक्त समारोहमा २० बढी देशका उद्योगी सहभागी हुने आयोजकले जानकारी गराएको समेत थैवले बताए । औद्योगिक उत्पादन तथा व्यापारका विभिन्न पक्षहरुको उत्कृष्टता, उद्यम र उद्यमशिलताबाट देशको आर्थिक विकासमा प्रभावशाली योगदान गरीसंस्थागत सामाजिक उत्तरदायित्वमा पनि महत्वपूर्ण टेवा पुऱ्याएको मूल्याङ्कन गरी अवार्डमा आयोजकले छनोट गर्दा खुशी लागेको थैवले बताए।

## लुम्बिनीका एक तिहाइ सांसद बिरामी

### लुम्बिनी प्रदेशसभाका ३० सांसदको औषधि उपचारमा गत आर्थिक वर्षमा २३ लाख ३५ हजार खर्च भएको छ। आर्थिक रूपले सम्पन्न सांसदले पनिउपचार खर्च भन्दै नियमित पैसा बुझ्दै आएका छन् ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशसभाका ३० जना सांसदले गत आर्थिक वर्ष २०८०/०८१ मा औषधि उपचार खर्च लिएका छन् । प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार, सांसदको उपचारमा २३ लाख ३५ हजार रुपैयाँ खर्च भएको छ । ८७ सदस्य रहेको लुम्बिनी प्रदेशसभाका ३० सदस्य बिरामी हुनु भनेको कुल संख्याको एक तिहाइभन्दा बढी हो। चिकित्सकको प्रेस्क्रिप्सन, औषधि, मेडिकल जाँचको रिपोर्ट र बिलसहित सचिवालयमा निवेदन पेस भएपछि उपचार कोषबाट रकम पाइने व्यवस्था छ। प्रदेश सभाले बनाएको कार्यविधिअनुसार १ जना सांसदले उपचारबापत एक आर्थिक वर्षमा ५ लाख रुपैयाँसम्म लिन पाउने व्यवस्था छ।

नवलपरासीबाट स्वतन्त्र निर्वाचित खड्क बस्नेतले ४ लाख १४ हजार रुपैयाँ उपचार खर्च लिएका छन् । कांग्रेसबाट प्रदेशसभा सदस्य बनेकी प्यूठानकी धनलक्ष्मी श्रेष्ठले २ लाख ६ हजार रुपैयाँ उपचार खर्च प्रदेश सभाबाट बुझेकी छन् । कपिलवस्तुका एमाले सांसद गिरिधारीलाल न्यौपानेले १ लाख २२ हजार ५ सय रुपैयाँ उपचार खर्च लिएका छन्। न्यौपानेले पटक-पटक उपचार गरेको बिल पेस गर्दै पैसा लिएका हुन्। प्रदेशसभाका कर्मचारीहरुका अनुसार, दीर्घरोगी न्यौपानेले उपचार गर्दा प्रायः महिना–महिनामा बिल पेस गर्दै पैसा लिएका छन्।

रुपन्देहीका भोजप्रसाद श्रेष्ठले ७७ हजार ६ सय रुपैयाँ उपचार खर्च बुझेका छन् । श्रेष्ठ मुटुरोगी हुन्।

मुटुलगायत विभिन्न दीर्घरोगमा उपचार खर्चदेखि सामान्य उपचार खर्च समेत सांसदहरुले लिँदै आएको छन्। नेपाली कांग्रेसका सांसद अब्दुल रज्जाक गद्दीले ६१ हजार ६ सय रुपैयाँ उपचार खर्च लिए। रुन्देहीका सांसद गद्दीले प्रेसर, सुगरदेखि विभिन्न १८ प्रकारका औषधि खाँदै आएका छन्।

यस्तै, गीता गुरुङले ८२ हजार ४८२ रुपैयाँ, रेखाकुमारी शर्माले २१ हजार १७४ रुपैयाँ उपचार खर्चका लागि लिएको प्रदेश सभाकी सूचना अधिकारी सरला सुवेदीले जानकारी दिइन्। सुवेदीका अनुसार, धनलक्ष्मी श्रेष्ठले २ लाख ६ हजार २४० रुपैयाँ, यामबहादुर नेपालीले ६९ हजार ६ सय रुपैयाँ, सरिता पुनले ९४ हजार ६४ रुपैयाँ, मिनाकुमार श्रेष्ठले ६२ हजार ३९ रुपैयाँ, अब्दुल रज्जाक गद्दीले ६१ हजार ६ सय ८९ रुपैयाँ र खड्ग बस्नेतले ४ लाख १४ हजार ८ सय ५६ रुपैयाँ उपचार खर्च लिएका छन् ।

यसैगरी शान्ति लोधले १२ हजार ४११, तुलसीप्रसाद चौधरीले ४० हजार २७६, निर्मलादेवी चौधरीले ३३ हजार ५८७, डिल्लीराज भुसालले २ लाख ६१ हजार ३२०, अम्बिका काफ्लेले ८७ हजार ३८७ रुपैयाँ उपचार खर्च बुझेका छन्।

त्यसैगरी, रामजीप्रसाद घिमिरेले १५ हजार ६ सय ५८ रुपैयाँ, जमुना ढकालले १ लाख २४ हजार ८ सय २०, माया पुनले ४३ हजार ३ सय ४१, दीपेन्द्र पुन मगरले ४४ हजार ४७, लोककुमारी विकले ७६ हजार ३ सय ४४, जानकी न्यौपाने १७ हजार १ सय ५०, इन्द्रकुमारी गहतराजले २७ हजार ५ सय ६५, राजुप्रसाद श्रेष्ठले १ लाख १८ हजार ५ सय ५ रुपैयाँ बुझेका छन्।

प्रदेशसभा सदस्य मीनाकुमारी बोहराले ३ हजार १ सय ५०, हेमा बेल्वासेले ३० हजार ६ सय ८६, देवीप्रसाद चौधरीले ७६ हजार ४ सय २३, तारा थापाले १८ हजार ३ सय ९९ रुपैयाँ उपचार खर्च बुझेका छन्।

उपचार खर्च लिने उल्लेखित सांसदमध्ये धेरैजसो राम्रो आर्थिक हैसियत भएका छन्। व्यवसायिक कारोबार भएका र चल अचल सम्पत्ति राम्रै जोडेका सांसदहरुले राज्यकोषबाट उपचार खर्च लिँदै आएकोमा आलोचना हुँदै आएको छ। उपचार खर्च लिएकामध्ये एक डिल्लीराज भुसाल गुल्मीका प्रतिष्ठित व्यापारी हुन्।उनीजस्ता आर्थिक हैसियत राम्रो भएकाले राज्यकोषबाट उपचार खर्च लिनु गलत भएको अधिवक्ता एंव सुशासनबारे खबरदारी गर्दै आएका महेन्द्रपाण्डे बताउँछन्। उनका भनाइमा, विधिसम्मत उपचार खर्च लिएको देखिए पनि राजनीतिमा नैतिकता प्रधान हो, नैतिक दृष्टिले कमजोर हुने गरी काम नगर्दा यो स्वंय व्यक्तिको प्रतिष्ठा बढ्छ।




# सम्पादकीय

## विमानस्थल सञ्चालनको मार्गचित्र

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि दुईवटा सुखद खबर आएका छन् । एउटा टिकटदेखि इन्धनसम्म सहुलियत दिने र अर्को वैदेशिक रोजगारीको लागि आवश्यक सबैजसो कामहरु अब रूपन्देहीबाटै हुने निर्णय सरकारले गरेको छ । सरकारले गरेका यी दुई निर्णय स्वागतयोग्य हुन् ।

विमानस्थल सञ्चालनका लागि यी दुई खबरले यहाँका व्यवसायी उत्साहित हुनु स्वभाविकै छ । गौतमबुद्ध विमानस्थलबाट उडान टिकट भए पनि वैदेशिक रोजगारीका लागि जाने युवाले आवश्यक कागजपत्र बनाउन काठमाडौँ जानुपर्ने बाध्यता झेल्दै आएका थिए । अब यहीबाटै सबै काम हुने भएपछि काठमाडौँ धाउनुपर्ने बाध्यता हट्ने छ । अहिले बुटवलमा श्रम स्वीकृति दिने कार्यालय छ । यही कार्यालयमा थप जनशक्ति व्यवस्थापन गरी कार्यालयको काम विस्तार हुने छ । अब वैदेशिक रोजगारीमा जाने युवा स्वास्थ्य परीक्षणको लागि काठमाडौँ जानुपर्ने बाध्यता हुने छैन । अब स्वास्थ्य परीक्षण, पूर्व प्रस्थान अभिमुखीकरण तालिमकेन्द्र, सामाजिक सुरक्षा कोष, बिमा, प्रहरीले दिने चारित्रिक प्रमाणपत्रलगायतका काम यहीबाट हुनेछन् । त्यसैगरी, गौतमबुद्ध विमानस्थल र पोखरा विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका सुझावका आधारमा विमानस्थल पूर्ण क्षमतामाा सञ्चालनमा ल्याउन हवाइ टिकट, ग्राउण्ड ह्याण्डलिङ, हवाई इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्ययोजना बनाइएको छ ।

विमानस्थल सञ्चालनका लागि सरकारले गरेका यी दुई निर्णय निकै महत्वपूर्ण छन् । अब विमानस्थल व्यवस्थापनको जिम्मेवारी पनि टुंगो लगाउनुपर्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी भ्रमणका बेला भारतसँग सुल्झिन नसकेको हवाई रुटको विषय टुंगोमा पुऱ्याउन प्राथमिकता दिनुपर्छ । विमानस्थल बनेपछि होटल व्यवसायमा लगानी गरेका यहाँका व्यवसायी अहिले निराश छन् । लगानीको प्रतिफल आउने टुंगो छैन, महँगो बैंक व्याज तिर्न हम्मेहम्मे भएपछि लगानी डुब्ने जोखिमले निराश व्यवसायीलाई उकास्न राज्य सहयोगी बन्नुपर्छ । पछिल्ला केही महिनायता सरकारले चालेका कदमले छिटो विमानस्थल चल्ने वातावरण बन्दैछ । सरकारले गरेका निर्णयलाई कार्यान्वयनमा लैजान ढिलाइ गर्न हुन्न । निर्णय हुने, तर कार्यान्वयनमा ढिलासुस्ती हुने नेपालको प्रशासनिक प्रवृत्ति छ । निर्णय फटाफट भएझैँ कार्यान्वयन पनि उत्तिकै छिटो हुनुपर्छ ।

# युज एण्ड थ्रोमा पारिएका विचरा ! कमरेड



विन बहादुर कुँवर

*नत्र भने वास्तविक देशी तथा विदेशी दलाल को हो र को होइन भन्ने कुरा भारत र अमेरिकाका हरेक गतिविधिहरुले बताइसकेको छ । नेपालमा एमसीसी पारित गरी लागू गराउन सहयोग पुऱ्याउने अनि भारतलाई नेपालका खोलानाला पुरै सुम्पिने को को हुन् ? सबै छर्लंगै छ । बरु अब के हुन सक्छ भने यिनीहरुका लागि प्रचण्ड आउट डेटट अर्थात् थोत्रो । बुढी बाख्रीका जुम्रा जस्तै अब प्रचण्डबाट पाउनु पर्ने केही छैन । त्यसैले साम्राराज्यवादी र विस्तारवादीका लागि युज एण्ड थ्रोमा पारिका विचरा ! प्रचण्ड कमरेड !*



नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले आफ्नै पार्टी नेताहरुको आलोचना र घेराबन्दीमा परेका छन् । एउटा उखान छ- 'ओरालो लागेको मृगलाई बाच्छाले पनि लखेट्छ ।' ठीक अहिले क. प्रचण्ड यससैगरी चारैतिरबाट लखेटिन थालेका छन् । ३२ सिटे जाँदुको करामत देखाउँदै आएका प्रचण्डलाई एमाले अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री केपी ओली त्यस्तै नयाँ जादुको करामत देखाउँदै सत्ताको कुर्सीबाट गलहत्याई सडकमा ल्याई पछारेका छन् । यसको छट्पटी प्रचण्डमा दिनप्रतिदिन बढ्दो छ । अनेक थरीका आरोप-प्रत्यारोप मात्रै होइन फेरि अर्को जनयुद्धको धम्की सुनाउँदै हिंड्न थालेका छन् । तर फिस्टा चराको बच्चाको कथा जस्तै अब प्रचण्डका खुट्टी देख्दै पत्याइन्छ कि फेरि उनले अर्को 'जनयुद्ध' गर्ने रे ? झिंगाको श्रापले डिंगा मर्दैन भने जस्तै अब फेरि प्रचण्डको यो धम्कीले कोही पनि डराउनेवाला छैनन् । बरु प्रचण्ड नै दिनप्रतिदिन चारैतिरबाट एक्लिदै छन् । यतिसम्मकि आफ्नै पार्टी नेतृत्व पंक्तिबाट नै एक्लिदै छन् ।

हाल माओवादी केन्द्रको स्थायी समिति बैठक भइरहेको छ । यसभन्दा पहिले खाली पार्टी अध्यक्ष प्रचण्डको फुर्सदमा मात्र बस्ने यस्तो बैठक यस पटक भने प्रचण्डकै इच्छा बमोजिम कांग्रेस- एमालेलाई तह लगाउने र देखाउन सडकदेखि सदन र सरकारमा समेत संघर्षका लागि बैठक बोलाइएको बताइएको थियो । तर यो बैठकको मोड भने प्रचण्डकै विरुद्धमा जान थालेको छ । हो पनि जुनसुकै बैठक राख्नुको अर्थ खाली आआफ्नो व्यक्तिगत स्वार्थ र कुण्ठा पोख्न र कसैको रिस आवेग साँच्नका लागि मात्र हुँदैन । बैठक बस्नुको मूल अर्थ त पार्टीको विगतको समीक्षा अनि वर्तमानको मूल्यांकन र आगामी कार्य योजना तय गर्नका लागि गरिने हुन्छ । विगत र वर्तमानप्रति आँखा चिम्लिएर खाली व्यक्तिगत स्वार्थ र कुण्ठा पोख्नकै लागि गरिने त्यस्तो पार्टी बैठकले पार्टीलाई सही दिशा प्रदान गर्न सक्दैन ।

यसपालि पनि प्रचण्डलाई लागेको थियो पार्टी बैठकमा आफ्ना यस्ता केही प्रस्ताव र एजेण्डाहरु राख्ने अनि सबै सदस्यहरुबाट खाली ताली पिटाएर त्यसलाई अनुमोदन गराउने । तर अहिले यो पार्टी बैठकमा त्यो हुन पाएन । विगत पार्टीको समीक्षा नगरी खाली तत्कालीन योजना र कार्यक्रम तय गर्ने प्रचण्डको व्यक्तिवादी सोंचमा पूर्णबिराम लगाउने काम भएको छ । यतिसम्मकि स्वयं प्रचण्डलाई नेतृत्वबाट हटनका लागि चुनौती दिइएको छ । पार्टीको चुनावी जनमत कमजोर हुँदाहुँदै पनि किन सत्तामा जान मरिहत्ते गरेको अनि सत्तामा गए पछि पनि कहिले एमाले अनि कहिले कांग्रेसको बुई चढ्दै हिंड्दा हिंड्दै एकाएक कांग्रेस-एमाले दुवैले पल्याङबाजी ख्याएपछि बल्ल मात्र प्रचण्डको बुद्धि फिरेको छ । भन्न थालेका छन् अब सरकारको अफर आए पनि म सरकारमा जान्न । अरु नेताहरुलाई पठाउँछु । यो अंगुर खान हजार प्रयत्न गर्दा पनि नपाएपछि फ्याउराले अंगुर त अमिला रहेछन् भने जस्तै हो । कुनै कारण फेरि मौका आइलाग्यो भने ज्यानजाला प्रचण्डले त्यो छोड्ने वाला छैनन् ।

निश्चय नै अब माओवादी केन्द्रले प्रचण्डको विगतलाई कोट्याउन नै पर्दछ । प्रचण्डबाट भए गरेका सबैको समीक्षा हुनै पर्दछ । विगतमा भएको सिंगो नेकपा (चौ.म) र पछि मसाल मशाल बीचको फूट र विभाजन । २०४५।०४६ सालमा भएको जनआन्दोलनमा पार्टीको भूमिकाको साथै एकता केन्द्र हुँदै १० वर्षे माओवादी जनयुद्ध । २०६२।०६३ सालको संयुक्त जनआन्दोलन हुँदै संविधानसभाको निर्वाचन र संविधान निर्माण आदि हुँदै पटक पटक प्रचण्डबाट हुने गरेको सरकारको नेतृत्व र हालको पार्टी अवस्था यी सबैको निर्मतापूर्वक समीक्षा नगरी खाली हचुवाका भरमा पुनः पार्टी नेतृत्वमा नै प्रचण्डलाई राखी बनाउने यस्ता नीति कार्यक्रम र योजनाले केही हुनेवाला छैन । फेरि घुम्दै फिर्दै फेरि रुम्जाटार । हात लाग्यो सुन्य मात्र हुनेछ । अझ अहिले पार्टीको यो यस्तो अवस्थामा पनि पुनः पार्टी एकताको नारा अझ नेकपा (एस) सित पनि पार्टी एकताको प्रचार । यो सबै हालको अन्तरपार्टी संघर्षलाई अन्यत्र मोडी आफू पुनः सदाका लागि पार्टी नेतृत्वमा रहिरहने प्रचण्डको षड्यन्त्र मात्रै हो ।

अहिले पार्टीभित्र प्रचण्डलाई नेतृत्वबाट हट्नका लागि ठूलो दबाब परिरहेको छ । हालको स्थायी पार्टी कमिटी बैठकमा पार्टी नेता जनार्दन शर्माले त्यसका लागि एउटा लिखित प्रस्ताव नै अघि सारेका छन् । त्यसलाई समर्थन गर्नेहरुमा वर्षमान पुन, नारायण काजी, हरिबोल गजुरेल, राम कार्की आदि देखिएका छन् । अन्यथा अरु कुनै जालझेल, षडयन्त्र, लोभलालच आदि केही नगरी खुलम्खुला आआफ्ना मत जाहेर गर्ने दिन हो भने केन्द्रीय समितिको अत्यधिक बहुमत प्रचण्डको विपक्षमा नै हुने देखिन्छ । तर अनेकथरी जालझेल षड्यन्त्र, खुराफाती लोभ लालचा बाँडन माहिर-मास्टर माइन नै भएका प्रचण्डले भने त्यो हुन दिनेवाला छैनन् । अहिले नै नारायण काजी मौन भइसकेका छन् । हरिबोलले फेरि प्रचण्डकै अघि पछि माखा धपाउँदै हिंड्न थालेका छन् । वर्षमान पुनलाई महासचिव बनाउने प्रस्तावमा चुप लागि बस्ने छन् । आखिर जनार्दन शर्मा एक्लै प्रचण्डको निशनामा पारिने छन् । तै पनि जनार्दन शर्माको यो हिम्मतिलो कदमलाई सबैले सम्मान गर्ने पर्ने हुन्छ ।

वास्तवमा अलिकति राजनीतिक नैतिकता मात्रै प्रचण्डमा भएको भए जनार्दशन शर्माले अहिले यस्तो नेतृत्वबाट हट्ने प्रस्ताव नै राख्नुपर्ने थिएन । जुन दिन कांग्रेस-एमालेले अविश्वास प्रस्ताव पेश गरी प्रधानमन्त्रीबाट हट्न भने त्यही दिन नै प्रचण्डले खुरुक्क पदबाट राजीनामा गरी हट्नु पर्दथ्यो । त्यसको साथै पार्टीमा समेत नैतिकताका आधारमा राजीनामा गरी अध्यक्ष पदबाट हटेको घोषणा गरिसकेको भए सायद पार्टीले उनीप्रति फेरि केही विश्वास गर्ने आधार बन्थ्यो । तर राजनीतिक नैतिकता कुन चराको नाम हो प्रचण्डलाई के मतलब ? प्रचण्डका लागि राजनीतिक नैतिकता अरुलाई भन्ने र पाठ सिकाउने हो । तर आफूलाई होइन । पहिलेको एउटा उदाहरण भनौ २०४५ साल भन्दा अगाडि नेकपा (मशाल) ले काठमाडौंमा एउटा घटना घटायो । त्यो सेक्टर काण्डबाट चर्चित छ । अर्थात् जनयुद्ध थालनीको नाममा काठमाडौंस्थित तत्कालीन नगर प्रहरी बस्ने केही सेक्टरहरु तोडफोड गराउने काम भयो । त्यो केटाकेटी आए गुगेली खेलाए भने जस्तै भएको थियो । जसअनुसार मोहन वैद्य पार्टी महसचिवबाट हटी त्यसमा प्रचण्ड आएका थिए । हिजो त्यति सामान्य घटनामा पनि त्यस्तो नैतिकताको प्रश्न उठाउने प्रचण्ड तर आज पार्टी यस्तो नाजुक अवस्थामा पुगिसक्दा पनि त्यस्तो नैतिकता देखाएको खोइ ?

बरु अहिले यसरी सत्ता च्यूत हुनु परेको कारण प्रचण्डले देशी-विदेशी शक्ति केन्द्रका विचौलियाहरुले हो भन्ने गरेका छन् । अझ अहिले त अमेरिकाकै हात रहेको भन्न पनि थालेका छन् । यो आरोप नाच्न नजान्ने आँगन टेडो भने जस्तै हो । तै पनि एउटा सत्यता के होला भने हिजो जसरी प्रधानमन्त्री बन्नका लागि प्रितम सिंह दिल्ली धाएको बताउने प्रचण्ड अहिले त्यस्तै हटाउन पनि केही दलाल वासिंटन र दिल्ली धाएका पनि हुन सक्छ । हरेक घटना परिवर्तनका लागि मुख्य पक्ष आन्तरिक नै हुन्छ । प्रचण्ड यसरी सत्ता च्यूत हुनुमा मूल कारण आन्तरिक आफैमा छ । देशी विदेशीहरुको हात भन्ने बाह्य पक्ष मात्रै हो । तर यही बाह्य पक्षलाई हाइलाइट गरेर प्रचण्डले आफ्नो आन्तरिक कमजोरी पक्षलाई ढाकछोप गराउँदै छन् । यो प्रचण्डको कमजोरी देखाउनेलाई उनले एमालेको उक्साइट त भनिसकेका छन् । अब विस्तारै उनले यो आरोप जनार्दन पक्षधरलाई अमेरिकी र भारतीय उक्साहट भन्न समेत पछि पर्ने छैनन् । सत्तामा छँदा सदा अमेरिकी र भारतको दलाली र चाकडी अनि सत्ताच्यूत भएपछि फेरि अमेरिकी र भारतीय हात भएको आरोप । यो नेपालका प्रायः सबै दल नेताहरुले भन्दै आएको परम्परा नै हो । नत्र भने वास्तविक देशी तथा विदेशी दलाल को हो र को होइन भन्ने कुरा भारत र अमेरिकाका हरेक गतिविधिहरुले बताइसकेको छ । नेपालमा एमसीसी पारित गरी लागू गराउन सहयोग पुऱ्याउने अनि भारतलाई नेपालका खोलानाला पुरै सुम्पिने को को हुन् ? सबै छर्लङ्गै छ । बरु अब के हुन सक्छ भने यिनीहरुका लागि प्रचण्ड आउट डेटट अर्थात् थोत्रो । बुढी बाख्रीका जुम्रा जस्तै अब प्रचण्डबाट पाउनु पर्ने केही छैन । त्यसैले साम्राराज्यवादी र विस्तारवादीका लागि युज एण्ड थ्रोमा पारिका विचरा ! प्रचण्ड कमरेड !

### संघीयताले...

तीन दशकदेखि काठमाडौँ बस्दै आएका तुलसीपुरका गोकर्ण रेग्मी गएको फागुनमा बुबाको उपचार गर्न एकहप्ता अस्पतालमा बसे । रेग्मीले उपचारमा यो अस्पताल अब्बल भएको अनुभव गरे । 'अस्पतालको सरसफाई राम्रो छ, स्वास्थ्यकर्मी र डाक्टरको बिरामीलाई गर्ने निगरानी, उपचार र बोलीचाली राम्रो छ, काठमाडौँका राम्रा अस्पताल झैं लाग्यो ।'-उनले भने ।

**सुधारमा प्रतिस्पर्धा**

लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालयले विभिन्न सूचकाङ्कको आधारमा प्रदेशका अस्पतालहरूको सेवा प्रवाह मूल्याङ्कन गर्छ । प्रदेश मातहतका बुटवलको लुम्बिनी प्रादेशिक र दाङको राप्ती प्रादेशिक गरी दुई विशिष्टीकृत र अरू ११ अस्पतालको मूल्याङ्कन अंक हेर्दा वर्षेनी सबै अस्पतालको अंक बढेको छ ।

आब २०७८/०७९ मा ८६ अंक ल्याएको बर्दिया जिल्ला अस्पतालले आब २०७९/०८० मा ९५ अंक ल्याएको थियो । आब २०८०/०८१ मा ९६ अंक ल्याई प्रदेशमै पहिलो हुन सफल भएको छ । बर्दिया जिल्ला अस्पताल मात्र नभई प्रदेशका अरू अस्पतालको अंक निरन्तर बढिरहेको छ ।

आब २०७८/०७९ मा ५६ अंक ल्याएको भीम अस्पतालले आब २०७९/०८० मा ८८ अंक ल्याउन सफल भयो । आव २०८०/०८१ मा ९० अंक ल्याई सेवा प्रवाह र गुणस्तरमा अब्बल भएको छ । २०७६ साउनमा लुम्बिनी प्रदेशसभाको सामाजिक विकास समितिले स्थलगत अध्ययन गरी लुम्बिनी प्रादेशिक अस्पताल अस्तव्यस्त रहेको निष्कर्ष निकालेको थियो । तर अहिले अस्पतालको सेवाप्रवाहमा उल्लेख्य सुधार आएको छ । आब २०७८/०७९ मा ७४ अंक ल्याएको लुम्बिनी प्रादेशिक अस्पतालको उकालो यात्रा निरन्तर अघि बढेको छ । आब २०७९/०८० मा ८० अंक ल्याएको यो अस्पतालले आब २०८०/०८१ मा ८८ अंक ल्याउन सफल भयो । लुम्बिनी प्रादेशिक अस्पतालमा पहिले ८ शैया रहेको बच्चाको आइसीयु अहिले ३३ शैया पुगेको छ । बयस्कका लागि ६ शैया रहेको आइसीयु अहिले २६ शैया पुगेको छ । आब २०७८/०७९ मा ७१ अंक ल्याएको राप्ती प्रादेशिक अस्पताल आव २०७९/०८० मा ८४ अंकमा उक्लन सफल भयो । आब २०८०/०८१ मा ८५ अंक ल्याई उकालो यात्रा कायमै राखेको छ । आब २०७८/०७९ मा ६५ अंक ल्याएको रोल्पा अस्पतालले आब २०७९/०८० मा ६९ अंक ल्याएको थियो । आब २०८०/०८१ मा ८५ अंक ल्याइ आफूलाई अब्बल सावित गरेको छ । संघीय सरकारले तत्कालीन राप्ती र लुम्बिनी अञ्चल अस्पतालसहितप्रदेशका जिल्ला अस्पतालसहितका १३ अस्पताल २०७५ सालमा प्रदेश सरकार मातहत रहने निर्णय गरेको थियो । प्रदेश सरकार मातहत आएपछि अस्पतालको समस्या पहिचान गरी समाधानका लागि सरकारले योजनाबद्ध काम थालनी गऱ्यो । लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले नागरिकको गुणस्तरीय जीवनयापनका लागि स्वास्थ्य क्षेत्रमासुधारको योजना अघि सारे । त्यसअनुसार, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन र नविकरण तथा स्तरोन्नतीसम्बन्धी ऐन, २०७५ बन्यो । प्रदेश स्वास्थ्य नीति–२०७७ तयार गरी त्यसै अनुसार स्वास्थ्य क्षेत्रमा काम अघि बढे ।

तत्कालीन सामाजिक विकास सचिव डा. गोपीकृष्ण खनालका भनाइमा सरकारले पूर्वाधार विकास, उपकरण र जनशक्ति व्यवस्थापनमा प्राथमिकता दिएर काम गरेकोले अहिले अस्पतालको सेवा प्रवाहमा गुणात्मक परिवर्तन आएको हो । 'हरेक अस्पतालका समस्या र समाधानको बाटो खोजी भयो । सरकारको प्राथमिकतामा परेपछि पर्याप्त बजेट विनियोजन भयो ।'–सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव डा.खनाल भन्छन् । राजनैतिक नेतृत्वको इच्छाशक्ति र कर्मचारीको काम गर्ने जाँगर हुने हो भने सुधार गर्न सकिन्छ भन्ने यो एउटा राम्रो उदाहरण भएको उनको भनाइ छ । लुम्बिनी प्रादेशिक अस्पतालको गुणात्मक सुधारको जिम्मेवारीसहित २०७६ मा मेडिकल सुपरिटेण्डेण्ट नियुक्त डा. राजेन्द्र खनाल पनि सचिव खनालको भनाइसँग सहमत छन् । 'सरकारले अघि सारेको नीति, योजना र कार्यक्रम सफल पार्न सबैको सहकार्यबाटसंभव भएको हो ।'–उनले भने । अहिले हरेक अस्पतालमा आधारभूत प्रयोगशाला छन् । बुटवलमा सुविधासम्पन्न प्रयोगशाला स्थापना भएपछि बिरामीले छिटोछरितो सेवा पाएका छन् । विभिन्न जटिल रोगका बिरामीका लागि प्रयोगशालाजाँचका लागि काठमाडौं जानुपर्ने बाध्यता हटेको छ । जिल्ला अस्पतालमा गाडी थिएनन् । अहिले हरेक अस्पतालमा गाडी प्रबन्ध हुँदा डाक्टरलाई काम गर्न सजिलो भएको छ । सबै अस्पतालमा एम्बुलेन्स, शव राख्ने मर्चरी फ्रिज, भिडियो एक्स-रे र प्रयोगशालाको व्यवस्थाले डाक्टरसहित स्वास्थ्यकर्मीको मनोबल बढेको छ । जिल्ला अस्पतालहरूमा भिडियो एक्सरेको सुविधा नहुँदा पहाडी जिल्लाका बासिन्दा पहिले दाङ, बुटवल र नेपालगञ्ज जान बाध्य थिए । स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएपछि उपचारमा लाग्दै आएको नागरिकको खर्च घटेको छ ।

**पूर्वाधारमा छलाङ**

प्रदेश सरकारले लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पताललाई विशिष्टीकृत अस्पतालको रूपमा विकास गर्ने योजनालाई कार्यान्वयन अघि बढाएको छ । राप्ती अस्पतालको पूर्वाधार विकासमा ११ करोड रुपैयाँ लगानी भएको छ । यो अस्पतालमा ६ सय शैया स्तरोन्नति गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन डीपीआर तयार हुँदैछ । लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत परियोजना प्रतिवेदन डीपीआर तयार भई ठेक्का लागेको छ । लुम्बिनी प्रादेशिक अस्पतालमा१ हजार २ सय शैयामा स्तरोन्नति गर्ने गरी ६ अर्ब १८ करोड ७५ लाखमा ठेक्का सम्झौता भई भवन निर्माणको काम सुरु भएको छ । भवन निर्माण गर्न आब २०८१/०८२ का लागि १ अर्ब ८० करोड रुपैयाँ विनियोजन भएको छ । आब २०८०/०८१ मा ७० करोड रुपैयाँ विनियोजन भएको थियो । भीम अस्पतालमा ११ करोडको लागतमा अस्पतालको सुविधासम्पन्न भवन बन्दैछ । लुम्बिनी आयुर्वेद चिकित्सालयको पूर्वाधार विकासमा ४ करोड लगानी भइसकेको छ । लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालयका अनुसार,आर्थिक वर्ष ०७५/०७६ मा लुम्बिनी प्रदेश सरकारले यहाँका अस्पतालमा पूर्वाधार विकास र उपकरण खरिदलगायत सेवा विस्तारका लागि ५१ करोड ५२ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको थियो । आब २०८०/०८१ मा आइपुग्दा अस्पतालका लागि छुट्टयाइएको बजेट तेब्बर पुगेको छ । आव २०८०/०८१ मा १ अर्ब ६४ करोड २९ लाख रुपैयाँ विनियोजन भएको थियो ।

अस्पतालको सेवा गुणस्तरीय बनाउन पहिचान गरेका आवश्यकता पूरा गर्न सरकारले पहलकदमी लिएकोले सुधार संभव भएको लुम्बिनी प्रादेशिक अस्पतालका पूर्व अध्यक्ष सूर्यबहादुर भट्टराई बताउँछन् । 'समस्या र आवश्यकताबारे जानकारी गराउन सजिलो भयो, नजिकको सरकारलाई समस्या र आवश्यकता सुनाउन सहज भयो ।'–उनले भने ।

**जनशक्ति व्यवस्थापनमा चुनौती**

पूर्वाधार विकास र उपकरण व्यवस्थापनले अस्पतालको सेवा प्रवाहमा जति सुधार भएको छ, जनशक्ति व्यवस्थापन नहुँदा सेवा प्रवाहलाई अझैँ बढाउन नसकेको लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा. विनोद गिरी बताउँछन् । उनका भनाइमा, विशेषज्ञ डाक्टरको दरबन्दीअनुसार पूर्ति हुन सकिरहेको छैन । जिल्ला अस्पतालमा १० जना विशेषज्ञ डाक्टरको दरबन्दी रिक्त छ । छात्रवृत्ति करारमा आएका ६ विशेषज्ञ डाक्टरर मेडिकल अधिकृतको पाँच दरबन्दी रहेकोमा तीन जनाले अस्पतालको सेवा प्रवाहलाई धानेका छन् ।

प्रदेश सरकार मातहत रहेको सबैभन्दा ठूलो अस्पताल लुम्बिनी प्रादेशिक अस्पतालमा विशेषज्ञ डाक्टरको दरबन्दी ५२ रहेकोमा अहिले ३७ कार्यरत छन् । यो तथ्याङ्क हेर्दा १५ विशेषज्ञ डाक्टर रिक्त देखिन्छ । कुल ५ सय २१ जनाको दरबन्दी रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा अहिले ५ सय कार्यरत छन् । राप्ती प्रादेशिक अस्पतालमा १४ विशेषज्ञ डाक्टरको दरबन्दी रहेकोमा ८ कार्यरत छन् । परासीको पृथ्वी चन्द्र अस्पतालमा ८ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकोमा २ कार्यरत छन् । अस्पतालहरूमा विशेषज्ञ डाक्टरको दरबन्दी अभाव छ । दरबन्दीअनुसार विशेषज्ञ डाक्टर नहुँदाको रिक्तता छात्रवृत्तिमा पढेका डाक्टरले गर्नुपर्ने छात्रवृत्ति करारबाट जनशक्ति पूर्ति भइरहेको डा. गिरी बताउँछन् । अस्पतालहरूका जनशक्ति व्यवस्थापन एकद्वारबाट छैन । स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी शैलेन्द्र पाण्डेका अनुसार, प्रदेशका १३ अस्पतालमा कुल १ हजार ३ सय ६९ दरबन्दीमध्ये संघबाट आएका र प्रदेशले तयार गरेको दरबन्दीको विवरण भए पनि अस्पतालमा रिक्त जनशक्तिका बारेमा तथ्याङ्क छैन । दरबन्दी, विकास समितिबाट दिएको नियुक्ति, छात्रवृत्ति करार, कार्यक्रम करारलगायतबाट जनशक्ति पूर्ति भइरहे पनि मन्त्रालयमा प्रष्ट तथ्याङ्क छैन । डा. गिरी पहिले जस्तो दरबन्दी हुने, तर डाक्टर नहुने अवस्थाको अन्त्य भएको बताउँछन् । 'कुनै न कुनै ढंगले डाक्टरको पूर्ति भएको छ, अस्पतालमा हाजिर गरेर काज मिलाएर हिडिहाल्ने प्रवृत्ति अन्त्य भएको छ ।'–उनले भने ।

### सुत्केरीलाई...

वडाका जनप्रतिनिधि, कर्मचारी स्वास्थ्यकर्मीको उपस्थितिमा वडाध्यक्ष कृष्णबहादुर दर्जीले आधारभूत स्वास्थ्य केन्द्र भलायटारमा सुरक्षित सुत्केरी गराएकी नेत्रकुमारी थापा र खयरबोटकी सीता नेपालीलाई प्रतिव्यक्ति १ लोकल भाले र १ माना घ्यू उपहार प्रदान गरी कार्यक्रमको शुभारम्भ गरेको हो । सुत्करीलाई उपहार प्रदान गर्दै वडाध्यक्ष दर्जीले जनजाति र दलित समुदायको बसोबास रहेको वडामा सुरक्षित सुत्केरी गराई आमा र बच्चाको सुरक्षाको लागि जनचेतना बढाइ कार्यक्रमलाई प्रभावकारी बनाउन सुत्केरी उपहार कार्यक्रम ल्याइएको बताए । आधारभूत श्वास्थ्य केन्द्र भलायटार र शहरी श्वास्थ्य केन्द्र खयरबोटमा सुरिक्षत सुत्केरी प्रोत्साहन सुत्केरी महिला लोकल कुखुराको भाले र घ्यू उपहार कार्यक्रमका लागि यस आ.व.मा १ लाख बजेट विनियोजन गरेको वडा सचिव तारानाथ पोखेलले जानकारी दिए । प्रसूति स्याहार घर भेटघाटका लागि गएको स्वास्थ्यकर्मीको टोलीले सुत्केरी महिलाको स्वास्थ्य अवस्था जाँच गरेपछि सुत्केरी महिलाहरुलाई पोषणका लागि सामग्री प्रदान गरेको थियो । पोषणयुक्त खाना खुवाउनु पर्छ भन्ने सन्देश दिन र जनप्रतिनिधिले सुख, दुःख र अन्य समस्याका बारेमा परामर्श प्रदानका लागि कार्यक्रमको सुरुवात गरिएको वडा नं. २ का अध्यक्ष कृष्णबहादुर दर्जीले बताए । विपन्न परिवारमा सुत्केरी अवस्थामा स्याहार सुसार कम हुने भएकाले सुत्केरी अवस्थामा पोसिलो खानेकुरा खुवाउन पर्छ भन्ने सन्देश दिन कार्यक्रम सञ्चालन गरिएको उनले स्पष्ट पारे । वडा नं. २ का सचिव तारानाथ पोखरेलले नियमित गर्भ जाँच र संस्थागत सुत्केरी गराउने आमाहरुलाई अण्डा वितरण गर्दै आइरहेकोमा यस वर्ष एक लाख रकम विनियोजन गरी सुत्केरी आमालाई भाले र घ्यू समेत उपहार दिन थालिएको बताए ।

आधारभूत स्वास्थ्य केन्द्र भलायटारबाट प्रसूति सेवा लिएका तथा केन्द्रबाट रिफर भएर अन्य स्वास्थ्य संस्थामा सुत्केरी भएका आमाहरुलाई कुखुरा र घ्यू प्रदान गरिने स्वास्थ्य केन्द्रका प्रमुख तिलकराम सोतीले जानकारी दिए । आधारभूत स्वास्थ्य केन्द्र भलायटारमा २०७७ देखि वर्थिङ सेन्टर सञ्चालन रहेको छ । बालमैत्री स्थानीय शासन सञ्चालन लागू गर्नको लागि कार्यक्रम सञ्चालनमा रहेको वडामा वर्थिङ सेन्टर सञ्चालनसँगै वडामा होम डेलिभरी शून्य रहेको छ । सोतीका अनुसार वडाको सहयोगमा गर्भ जाँचको लागि स्वास्थ्य संस्था आउँदा चार पटक र संस्थागत सुत्केरीपश्चात् एक पटक गरी एक/एक क्यारेट अण्डा दिँदै आएकोमा अन्य उपहार पनि थप भएको हो । वडाले स्वास्थ्य केन्द्रमा सुत्केरी गराउन एम्बुलेन्स आवश्यक परेमा एक तर्फीको लागि निःशुल्क एम्बुलेन्स सेवा पनि प्रदान गर्दै आएको छ । वर्थिङ सेन्टरबाट वार्षिक २० जनाले प्रसूति सेवा लिएको उनले बताए ।

# टिकटदेखि इन्धनसम्म सहुलियत




बुटवल । सरकारले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न टिकटदेखि इन्धनसम्म सहुलियत दिने भएको छ।

प्रधानमन्त्रीको नेतृत्वमा सम्बन्धित मन्त्रालयका मन्त्री र पदाधिकारीसहित बसेको बैठकले दुईवटै विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका सुझावका आधारमा सहुलियत दिन लागेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले बताए । दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामाा सञ्चालनमा ल्याउन हवाइ टिकट, ग्राउण्ड ह्याण्डलिङ, हवाई इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्ययोजना बनाएको उनले बताए ।

मन्त्री पाण्डेले कार्यदलले दिएको सुझाव र एयरलाइन्सहरुले खोजेको सहुलियतका आधारमा सरकारले ग्राउण्ड ह्याण्डलिङमार्फत् लिने सेवा शुल्क आगामी २०८३ साल भदौसम्म नलिने योजना बनाएको बताए। सरकारले पर्यटन बोर्डले प्रतिटिकट लिने शुल्क पनि उक्त समयभर दुई विमानस्थलको हकमा नलिने गरी सहुलियत दिन लागेको बताए । सरकारले हवाइ टिकटमा लगाउने गरेको भ्याट पनि आगामी २०८३ भदौसम्म नलिने योजना रहेको उनले बताए ।

इन्धनको विषय उद्योग वाणिज्य मन्त्रालयसँगको समन्वयमा काठमाडौंको विमानस्थलमा इन्धनको मूल्यभन्दा भैरहवामा सस्तोमा लिनेगरी कार्ययोजना बनेको उनको भनाइ छ। उनले अध्यागमन कार्यालय सञ्चालन, भिसा सेन्टरको लागि श्रम र परराष्ट्र मन्त्रालयले व्यवस्थापन गर्ने योजना बनेको जानकारी दिए ।

विमानस्थलमा क्वारेन्टाइन चेकजाँचका लागि कृषि तथा पशुपंक्षी मन्त्रालयले गर्नुपर्ने गरी कार्ययोजना मन्त्रिपरिषद्मा पेस भएको उनले बताए । सरकारले विमानस्थलमा दिने सहुलियतले विमानस्थल पूर्णरुपमा सञ्चालन हुने विश्वास उनको छ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख यही मिति २०८१/०३/१५ गते बुटवलदेखि भैरहवा जाँदा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम : स्वस्तिका नेपाल**
**ठेगाना : बुटवल उपमहानगरपालिका वडा नं.-८, रूपन्देही**
**बिमालेख नं. : ५४०८००००६११**
**सम्पर्क : ९८६३५९५७३७**

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.को बिमालेख यही मिति २०८१।०३। २५ गते बुटवलदेखि भैरहवा जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम : मीरा घिमिरे**
**ठेगाना : बुटवल-५, रुपन्देही**
**बिमालेख नं. : ५०१००००००१८५**
**सम्पर्क : ९८६४४७१६०३**

## भूमि सुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सूचना

तुलसी गुप्ताको नाति, राम वृक्ष गुप्ताको छोरा जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. गुठी सूर्यपूरा, वडा नं. ९ हाल परिवर्तित प्रतापपुर गाउँपालिका, वडा नं. ७ मा बस्ने राजन गुप्ताले गोपीको नाति जिराको छोरा ऐजन ऐजन बस्ने मेरो मामा नाता पर्ने विद्याचल गुप्ताको नाउमा दर्ता श्रेस्ता कायम रहेका जिल्ला नवलपरासी, साविक गाविस गुठी सूर्यपूरा, वडा नं.९/क का कि.नं. ४२ र १५३ का ज.वि. क्रमशः ०-३-० र ०-६-१०, ऐ ऐ वडा नं. ९ का कि नं. १५०.७. ३५. ९३.२६६.३८ र ६०१ का ज.वि. क्रमशः ०-६-५,१-१-४,०-०-१८, ०-१०-०,०-१-०-०, ८५.०० व.मि र ०-०-८ जग्गाहरु रहेकोमा निज जग्गाधनी मामा विद्याचल गुप्ताको मिति २०८०।०१। ०८ गते र निजको हक( वाला एक मात्र पत्नी शमदेइ गुप्ताको पनि मिति २०३४।११।२० गतेका दिन आ-आफ्नै कालगतिबाट मृत्यु भएको र निज मृतक जग्गा धनीको जायजन्मको रुपमा कुनै छोरा नभई एक मात्र छोरी सुभावती गुप्ताको जन्म भएकोमा निज सुभावतीको भारतमा विवाह भई मृत्यु समेत भइसकेको र निज सुभावती तर्फबाट कुनै हकवाला छोराछोरी समेत कोही नभएको हुँदा निज मृतक जग्गा धनी विद्याचल गुप्तालाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने मृत्यु पछिको काजक्रिया गर्ने तथा ऋण धन व्यहोर्ने सम्पूर्ण काम निज मृतक जग्गा धनीको भान्जा नाता पर्ने म राजन गुप्ता एक्लैले गरेको र जग्गाधनीको मृत्यु पश्चात उक्त जग्गाहरुको जोतभोग समेत म स्वयंले नै गर्दै आइरहेको हुँदा मृतक जग्गाधनी मामा विद्याचल गुप्ताको नाउका माथि उल्लेखित जग्गाहरु मेरो नाउमा एकलौटी नामसारी गराई पाउँ भनी यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प), परासीमा पेश गरेको माग दाबी निवेदन सम्बन्धमा निवदेक राजन गुप्ता बाहेक मृतक जग्गाधनी विद्याचल गुप्ताको अन्य कोही हकवालाहरु भए, वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालन पोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋण धन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) परासीमा हकदाबी लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ दिने सूचना सम्बन्धित सबैका लागि जानकारी गरिएको छ , अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## कर्जा चुक्ता गर्ने सम्बधी ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाबाट कर्जा लिएका केही ऋणी सदस्यले अचल सम्पत्ति धितो राखी लिएको ऋण कर्जा र धन जमानी कर्जाको यस संस्थासँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकाले संस्थाले ऋणी र व्यक्तिगत जमानतकर्ता समेतलाई सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई पटक-पटक ताकेता गर्दा पनि नतिरेको/नबुझाएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनु पर्ने ऋणको साँवा ब्याज र अन्य दै-दस्तुर समेत दिईएका म्याद भित्र चुक्ता गर्नुहोला । अन्यथा ऋण असुलीको सिलसिलामा सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८ र संस्थाको विनियम अनुसार धितोमा रहेको घर/जग्गा लिलाम विक्रीको कार्य गरिनेछ । ऋण लिंदाको समयमा संस्थालाई दिएको धितोबाट ऋण असुल नभएमा ऋणी र व्यक्तिगत जमानी बस्नेको नाम यस संस्थाको कालो सूची (Black List) मा राख्ने लगायतका अन्य थप कारवाही गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितोको मञ्जुरीनामावाला तथा व्यक्तिगत जमानत बस्ने लगायत सम्बन्धीत सबैमा जानकारीका निमित्त यो सूचना प्रकाशन गरिएको छ । यसरी लिलाम गर्दा ऋण असुल नभएमा अपुग रकम ऋणी सदस्य, व्यक्तिगत जमानी बस्ने र एकाघर सगोलका व्यक्तिहरुबाट प्रचलित कानून अनुसार असुल उपर गरिनेछ ।

**श्री रामापिथेकस बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Ramapithekas Saving & Credit Co-operative Ltd.
बुटवल-३, ज्योतिनगर, रूपन्देही

## JyotiBhabishwor Multiple Campus

**Affiliated to Tribhuwan University**
**Shitaganga Municipality-03, Arghakhanchi**
**Estd:2069**

### Invitation for Bid

**Date of publication: 2081-04-32 (16th Aug ,2024)**

JyotiBhabishwor Multiple Campus, Shitaganga Municipality-03,Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact Campus.

**Information to deposit the cost in the Bank:,**

Name of the Bank: RastriyaBanijyaBank, Thada, Arghakhanchi
Name of Office: JYOTI BHABISHOR BAHUMUKHI CAMPUS
Account no. : 3380100000250001 (For Bid Document+Bid Security)

| Tender No. | Name of Project | Bid Price | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid submitted | Bid Open | Estimated amount (including VAT&P.S) |
|---|---|---|---|---|---|---|---|
| 01-JBBC/ W01 /NCB/ 2081/082 | Construction of Jyoti Bhabiswor Campus Administrative Building | NRs. 3000.00 (Not Refundable) | 1,50,000.00 | 120 Days | 15th Sep 2024. 12:00 noon | 15th Sep 2024. 13:00 noon | NRs. 61,31,613.39 |

Campus Chief.

## SHINE RESUNGA DEVELOPMENT BANK LTD.

### Revised Interest Rate

Effective From 2081-05-01 (17th August, 2024)

| Types of Deposit | | Min. Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 3.00% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 4.00% |
| | Shine Samriddhi Bachat Khata | - | 5.00% |
| | Shine Remittance Bachat Khata | 1,000.00 | 6.00% |
| Call | | Up to 1.50% | |
| Fixed | | Interest Rate (p.a.) | |
| | Tenure | Institutional | Individual |
| | 6 Months to below 1 Year | 4.25% | 5.25% |
| | 1 Year to below 2 Years | 5.25% | 6.25% |
| | 2 Years and above | 5.75% | 6.75% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 5.25% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |

| Fixed Lending Interest Rate (p.a) | Up to 5 Years | Above 5 to 10 Years |
|---|---|---|
| Personal Home Loan | 11.49% | 11.75% |
| Auto Loan | 12.75% | 12.99% |
| Hire purchase Loan | 12.75% | 12.99% |
| Mortgage Loan | 12.75% | 12.99% |
| Professional Loan | 12.75% | 12.99% |
| Education Loan | 12.75% | 12.99% |
| Other Personal Loan | 12.75% | 12.99% |
| **Base Rate (Ashad 2081)** | | **8.32%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# फल्चाले नेवार समुदाय उत्साहित



**आचार्य प्रदीप**

*बुटवल*

बुटवलको हाटबजारदेखि गोलपार्क जाने सडकको छेउमा रहेको नेपाल परिवार नियोजन संघको छेवैमा परिधिसहितको एउटा भौतिक संरचना बनेको छ।

देख्दा घर जस्तो, तर ढोका र कोठा नभएको भौतिक संरचना देख्दा यसले आवतजावत गर्नेको ध्यान खिचिरहेको हुन्छ। परिवार नियोजन संघ र कृषि विकास निर्देशनालयबिचमा करिब आधा कठ्ठा क्षेत्रफलमा बनेको यो संरचना हो 'फल्चा'।

फल्चा भनेको परम्परागत विश्राम स्थल हो। यो खासगरी नेवारी समुदायका जेष्ठ नागरिकहरु एक आपसमा भेटघाट गर्ने, आराम गर्ने स्थान हो। मनोरञ्जनका अन्य साधन नहुने समयमा फल्चामा बसेर भजनकिर्तन गर्नुका साथै अन्य मनोरञ्जनका क्रियाकलापहरु हुने गर्थे।

बुटवलको ऐतिहासिक सम्पदा तथा संस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिकाले उजिरसिंह फल्चा निर्माण गरेको हो। वडा नं. ५ स्थित हाटबजार लाइनको उत्तरतर्फ ढुंगेधारासहितको फल्चाको सोमबार उद्घाटन गरिएको छ। बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बुटवलको ऐतिहासिक पहिचान र स्थानीय संस्कृतिको संरक्षण गर्ने उद्देश्यले फल्चा निर्माण गरिएको बताए। नेवार संस्कृति र परम्पराको संरक्षणका लागि फल्चा निर्माण गरिएको बताउँदै उनले अन्य जातजातिको परम्परा, संस्कृति झल्कने संरचनाहरु पनि निर्माणको क्रममा रहेको बताए।

उनले भने-'बुटवलमा हामीले सबै जाति, धर्म तथा भाषिको लागि सम्मानजनक वातावरण बनाइरहेका छौँ। फल्चा पनि नेवार समुदायको लागि निकै महत्वको विषय हो। राम्रो प्रतिक्रियाहरु पाएका छौँ।'

नगरका विभिन्न स्थानमा फल्चा, चौतारी, विश्रामस्थलहरु निर्माण गरी नगरको ऐतिहासिक तथा सांस्कृति पहिचान उजागर गरिने उनले जनाए।

नगरको सौन्दर्यीकरणका लागि सरसफाइ, छाडा चौपाया नियन्त्रण, मुख्य सडकका दायाँबायाँ हरियाली बनाउने, ठाउँ-ठाउँमा पिउने पानी, सार्वजनिक शौचालय निर्माणका कामहरु अगाडि बढेको नगरप्रमुख पाण्डेयले बताए। हाटजार जनशक्ति टोल विकास संस्थामार्फत् उपभोक्ता समितिमार्फत् निर्माण गरिएको फल्चाको लगानी २५ लाख रुपैयाँ रहेको बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले जानकारी दिए। उनले फल्चा भवनसहित उजिरसिंह-रामापिथेकसको मूर्ति, चौतारो व्यवस्थापन र खानेपानीको पँधेरो निर्माण भएको बताए।

उनले संस्कृतिसँग जोडिएको विषय भएकोले काठमाडौँबाट कालीगढ बोलाएर नै फल्चामा आवश्यक डिजाइनको काम गरिएको उनले जानकारी दिए।

उनले भने-'हामीले नेवार समुदायको संस्कृतिसँग जोडिएको विषय भएकोले सानो सानो कुरामा पनि ध्यान दिने भनेर काठमाडौँबाट नै कालिगढ बोलाएर निर्माण गरेका हौँ। हामीले निगरानीमै राखेर यो निर्माण गरिएको हो।'

२०८० चैतको अन्तिम तिरबाट सुरु भएको निर्माण कार्य साउनको दोस्रो हप्ता सकिए पनि उद्घाटन भने सोमबार मात्रै भएको उनले जानकारी दिए।

नगरका प्रवक्ता रानाले बुटवललाई सबै जातजातिको अपनत्व हुने गरी सांस्कृतिक महत्व झल्काउने खालका संरचनाहरु निर्माण भइरहेको बताए।

सार्वजनिक क्षेत्रमा टहरा राखेर चिया पसलसहित विभिन्न व्यवसाय गरिरहेका चार वटा टहरा हटाएर फल्चा बनाइएको बुटवल वडा नं. ५ का अध्यक्ष हरिप्रसाद श्रेष्ठले बताए। उनले केहीलाई सम्झाइ बुझाइ गरी र केहीलाई बल प्रयोग गरेर नै भए पनि हटाएर फल्चा निर्माण गरेको जानकारी दिए। उनले बुटवलले कला संस्कृतिका क्षेत्रमा सबैलाई समेटेर लैजान साँस्कृतिक महत्वका संरचना निर्माणलाई प्राथमिकतामा राखेको बताए।

लुम्बिनी प्रदेशको कृषि निर्देशनालय गेटबाट बायाँ र परिवार नियोजन संघबाट दायाँतर्फ निर्माण भएको फल्चासहितको संरचना ऐतिहासिक स्थल समेत रहेको स्थानीययहरु बताउँछन्। स्थानीय एवं बुटवल वडा नं. ५ का अध्यक्ष श्रेष्ठले फल्चासँगै रहेको बर, पिपल करिब २ सय वर्ष पुरानो रहेको बताउँछन्। उनले २०२० सालतिर शाक्य थरका व्यक्तिले बनाएको चौतारोलाई पुनर्निर्माणसहित संरक्षण स्वरुप यो काम गरिएको बताए।

बुटवल उप-महानरपालिकाले नेवारसहित अन्य जातिहरुको सम्मानमा विभिन्न कामहरु गर्दै आएपछि उनीहरुले खुसी व्यक्त गरेका छन्। बुटवलका नेवार समुदायका अगुवा महेन्द्र श्रेष्ठले बुटवल उपमहानगरपालिकाले नेवारी समुदायको संस्कृति संरक्षणमा काम गरेको भन्दै धन्यवाद व्यक्त गरे। उनले फल्चासहित नागरिक बडापत्र समेत तयार पारेकोमा समुदाय सकारात्मक रहेको बताए। अहिलेको पुस्ताले फल्चाको नाम र यसको बारेमा जानकारी दिनको लागि बुटवलले बनाएको संरचनाले विशेष सहयोग पुग्ने उनको भनाइ छ।

पछिल्लो समय मानिससँग समयको अभावका कारणले भेट्नेलगायतका गतिविधिहरु कम हुँदै जानु र मनोरञ्जनका अन्य साधानहरुको पर्याप्तताले फल्चाको महत्व केही कम भएको मान्न सकिन्छ।

# जनावरलाई थापेको पासो आफन्तलाई 'गलपासो'



**लक्ष्मण घिमिरे**

*अर्घाखाँची*

किसानका लागि आफूले लगाएको बाली जोगाउन सबैभन्दा सकसको विषय बन्दै गएको छ। आफूले लगाएको अन्नबाली जोगाउन अनेक उपाय अपनाउँदा आफ्नै ज्यान जाने गरेका थुप्रै घटनाहरु छन्।

यही बुधबार बेलुका भूमिकास्थान नगरपालिका वडा नम्बर १०, धनचौरमा एक जनाको विद्युतीय पासोमा परेर ज्यान गएको छ। धनचौरको पाकुमा आफ्नै घरको बारीमा जंगली जनावरलाई लगाएको विद्युतीय पासोमा करेन्ट लाग्दा ४६ वर्षीय ज्ञानुकला चुँदालीको ज्यान गएको हो।

साँझ खाना खाएर बाहिर निस्किएकी ज्ञानुकला धेरै अबेरसम्म घरमा नआएपछि परिवारले उनको खोजी गरेको थियो। सोही क्रममा उनी बारीमा मृत फेला परेकी थिइन्। आफ्नो अन्नबाली जोगाउन थापेको विद्युतीय पासोमा परेर उनको मृत्यु भएको वडाध्यक्ष खगेश्वर पन्थीले जानकारी दिए।

पोष्टमार्टम रिपोर्टका अनुसार पनि उनको मृत्यु करेन्ट लागेर भएको पुष्टी भएको प्रहरीले जनाएको छ। बाँदर, बँदेल र दुम्सीबाट बारीमा लगाएको मकै जोगाउन खोज्दा ज्ञानुकलाले ज्यान नै गुमाउन पऱ्यो। उनका श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ।

यता आमाको मृत्यु भयो, उता बुवालाई प्रहरीले लगेपछि घरमा छोराछोरीको बिचल्ली भएको छ। पाँच छोरी र एक छोरा रहेका चुँदाली दम्पतीका तीन छोरीहरुको विवाह भइसकेको छ भने तीन सन्तान घरमै छन्। आफ्ना अभिभावकहरु नहुँदा उनीहरु एक्लो जस्तो बनेका छन्। जनावरलाई थापेको पासो आफ्ना र आफन्तलाई 'गलपासो' बनेको छ।

विगत दुई वर्षयता विद्युतीय पासोमा परेर मृत्यु भएको यो चौथो घटना हो। यसअघि तीन जनाको विद्युतीय पासोमा परेर मृत्यु भइसकेको छ। छत्रदेव गाउँपालिका र शीतगंगा नगरपालिकामा विद्युतीय पासोमा परेर तीन जनाको मृत्यु भएको छ।

२०७९ साल साउनको घटना हो, बाँदरले मकै खाएको देखेपछि अर्घाखाँची छत्रदेव-४ केरुंगाका टंक खनाल धपाउन दौडिएका थिए। अचानक चिप्लिएर लड्दा गम्भीर घाइते भएका उनको उपचारका क्रममा मृत्यु भयो।

यहाँ एक दशकदेखि बाँदरको बदमासी बढेको छ। बाँदरबाट बाली जोगाएर भित्राउनु किसानलाई ठूलो चुनौती बन्ने गरेको छ। जनावर लखेट्ने क्रममा भिरबाट लड्दा मालारानीमा दुई जनाको मृत्यु भएको छ भने छत्रदेवमा एकजानको मृत्यु भएको छ। भूमिकास्थानमा जनावरलाई मार्न बन्दुक लिएर हिंड्दा पड्किएर आफ्नै ज्यान गएका घटनाहरु समेत भएका छन्।

गाउँघरमा फल्दै गरेका मकै बाँदरले नोक्सान गरेपछि स्थानीयहरुले अनेक उपायहरु अपनाउँछन्। विद्युतीय पासो थाप्ने, भिड जम्मा भएर लखेट्ने, बन्दुक पड्काएर तर्साउने/मार्ने, कुकुरको प्रयोग गर्ने, गुलेलीले हान्ने जस्ता उपायमार्फत् उनीहरु अन्नपात जोगाउन प्रयासरत रहन्छन्। तर, जनावरलाई भनेर खनेको खाल्डोमा आफैँ पर्ने गरेका छन्। जसकारण अकालमा ज्यान गुमाउनु परेको छ।

कतिपयले जंगली जनावरलाई भगाउन जंगलमा आगो लगाउने गर्दछन्। आगो नियन्त्रण गर्न नसक्दा गाउँबस्तीमा आगो पस्ने र कयौंको ज्यान समेत जाने गरेको छ। जनावरलाई मार्न खोज्दा यहाँका किसान मानवीय क्षती खेप्न बाध्य छन्।

बाँदरले बारीको बाली खानु र नष्ट बनाउनु दैनिकी जस्तै बने पनि हिजोआज घरभित्रै पसेर चामल-दाल खाने, अन्नपात छर्ने, मान्छेमाथि नै आक्रमण गर्ने गरेर हैरान बनाएको सन्धिखर्क ११ डिभर्नाका विशाल आचार्यले बताए। 'दिउँसोमा बाँदरले हैरान पार्छ, रातीमा बँदेलले नोक्सानी गर्छ,' उनले भने-'किसानले के-के भ्याउनु ? कता कता हेर्नु ?'

यहाँका स्थानीय तहले खेती जोगाउन विभिन्न उपाय अपनाए पनि पूर्णतः सफल भने देखिएका छैनन्। जंगली जनावर लखेट्न हेरालुको व्यवस्था गर्नेदेखि तारजाली बाँड्ने, भोटे कुकुर वितरण गर्ने, बाँदर लखेट्ने यन्त्र (गन) समेत वितरण गरे। तर, किसानको सास्ती भने कम भएको छैन।


## शिक्षक आवश्यकता।

मितिः २०८१/०४/३२

प्रस्तुत विषयको सम्बन्धमा यस विद्यालयलाई सुस्ता गाँउपालिकाको मिति २०८१/०४/२५ च.न. १८४ को प्राप्त पत्रानुसार शिक्षण सिकाई अनुदान नि.मा.वि तह, विषय विज्ञान कोटा संख्या १ (एक) र गाँउपालिका अनुदान प्रा.वि. तह कोटा संख्या १(एक) शिक्षकको पदपुर्तिको लागि अनुमति प्राप्त भइआए अनुसार यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०४/३० को निर्णय अनुसार शिक्षक पदपुर्तिको लागि इच्छुक नेपाली नागरिकहरु बाट तपसिलको उल्लेखित विवरण बमोजिम चाहिने आवश्यक कागजात र निवेदन सहित यसै सुचना द्वारा दरखास्त आव्हान गरिएको व्योहोरा अनुरोध छ।

**तपसिल**

| | | |
|---|---|---|
| विज्ञापन नं. | ०१/२०८१/२०८२ | ०२/२०८१/२०८२ |
| तह / किसिम | नि.मा.वि. तह शिक्षण सिकाई अनुदान कोटा | प्रा.वि. गाँउपालिका स्वयम सेवक शिक्षक |
| विषय | विज्ञान | |
| पद सं | १ | १ |

१. नेपाली नागरिक हुनुपर्ने। २. स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने। (दुवै पदको लागि)
३. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
४. नि.मा.वि. तहको लागि आइ एड वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने। (प्रमुख विषय विज्ञान लिएको हुनुपर्ने)
५. प्रा. वि. तहको लागि आइ एड वा सो सरह उक्तिर्ण गरेको हुनुपर्ने।
६. अनुभवी र माथिल्लो योग्यतालाई ग्राहयता दिइने छ। ७. मगज नबिग्रेको तथा कुनै प्रकारको अभियोग नलागेको हुनुपर्ने छ।
८ निरोगीतको प्रमाण पत्र हुनुपर्ने। ९. तलब स्केल नियमानुसार।
१०. दरखास्त दिने शुरू मिति २०८१/०४/३१ देखी २०८१/०५/१३ सम्म अपरान्ह ४:०० बजे सम्म विद्यालयको कार्यालयमा
११. परिक्षा हुने मिति र स्थानको लागि सम्पर्कमा रहने।
१२. परिक्षाको किसिम : लिखित र मौखिक हुनेछ आवश्यक परे कक्षा अवलोकन समेत हुन सक्नेछ।
१३. निवेदन दस्तुर : नि.मा.वि. तहको ने.रु. १५००/- प्रा. वि. तहको ने.रु १०००/-
१४. विस्तृत जानकारीको लागि सम्पर्क नं. : ९८४७२०५०५४, २७४१७६००५०
नोट : आवश्यक कागजात - शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्र साथै अन्य आवश्यक कागजात र अनुभवी भए अनुभवको प्रमाणपत्र सहित निवेदन पेश गर्नुपर्ने छ। महिलालाई विशेष ग्राहयता दिइने छ।

**श्री जनता दलित आधारभुत विद्यालय**

सुस्ता गाँउपालिका सुस्ता, नवलपरासी

## शिक्षक आवश्यकता सम्बन्धी सूचना।

मिति :- २०८१/०४/३२

प्रस्तुत विषयमा बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखाको मिति २०८१/०४/३० च.नं. ५९ (शिक्षा) को अनुमति प्रदान पत्र अनुसार यस विद्यालयमा मा.वि. तह लेखा विषयको नगर अनुदान कोटामा देहाय बमोजिमको शिक्षक पदमा निम्नानुसारको योग्यता पुगेका योग्य इच्छुक नेपाली नागरिकहरुबाट विज्ञापन प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक दर्खास्त आव्हान गरिन्छ।

**विज्ञापन नं. : ०१ (२०८१) पद : शिक्षक** **पद संख्या : १**
**तह / श्रेणी : मा.वि. नगर अनुदान कोटा** **विषय : लेखा**
**शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण।** **उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।**
**परीक्षाको किसिम : लिखित र अन्तरवार्ता।** **आबेदन दस्तुर : १०००/-**
**तलब स्केल : मा.वि. तह तृतीय श्रेणीको तलब स्केल बरावर।**
**आवश्यक कागजात : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति।**
**आबेदन दिने स्थान : गंगा मा.वि. गंगावस्ती, बर्दघाट १४, नवलपरासी (ब.सु.प.) (कार्यालय समय भित्र)**
**आबेदन दिने अन्तिम मिति : २०८१/०५/१४** **सम्पर्क मिति : २०८१/०५/१६**
**परीक्षा मिति : तोकिए बमोजिम।** **सम्पर्क नं. : ९८५७०८००९६, ९८६०३८५४४९**

**गंगा माध्यमिक विद्यालय गंगावस्ती**

बर्दघाट नगरपालिका-१४, नवलपरासी

## शिक्षक पदपूर्ति सम्बन्धमा

प्रस्तुत विषयमा सुस्ता गाउपालिका शिक्षाशाखाको प.स. २०८१/०८२ च.न.२०१ मिति २०८१/०४/२९ को प्राप्त अनुमति पत्र तथा यस विद्यालयको मिति २०८१/०४/३० गते बसेको विद्यालय व्यस्थापन समितिको बैठकको निर्णयअनुसार यस बिद्यालयमा नि.मा.वि. तह संघिय शिक्षण सिकाई अनुदान (अंग्रेजी) कोटामा अस्थायी करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलका उल्लेखित पदको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त अहवानको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपसिल**

**१. बिज्ञापन नं. १/०८०/०८१** **२. तह - नि.मा.वि. ( संघिय शिक्षण सिकाई अनुदान ) .**
**३. पदः अस्थायी करार** **४. पद संख्या १ (एक) जना**
**५. योग्यता : आई एड वा सो सरह अंग्रेजी विषय अध्ययन गरेको** **६. उमेर : १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको**
**७. तलब स्केल : नेपाल सरकारको ऐन अनुसार** **८. निवेदन दस्तुर : रु. १५०० (फिर्ता नहुनेगरी )**
**९. दरखास्त दिने अन्तिम मिति :२०८१/०५ / १३ गते सम्म (कार्यालय खुल्ने समय भित्र )**
**१०. सम्पर्क मिति :२०८१/०५/१६ गते** **११. परीक्षाको किसिम : लिखित र मौखिक**
**१२. आवश्यक कागजातहरु**

क हस्तलिखित निवेदन -१
ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि -१
ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१
घ. अनुभव भए अनुभवको प्रमाणपत्र -१
ड. निरोगिता प्रमाणपत्रको प्रतिलिपि १
च. अध्यापन अनुमति पत्रको प्रतिलिपि - १

जानकारीको लागि विद्यालयको सम्पर्क ९८४७४१८७०७, ९८४७२९७८६०, ९८६६०७२५०२ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

**सहिद विष्णु पाण्डे स्मृति आधारभूत विद्यालय**

सुस्ता-४, गोकुलनगर, नवलपरासी (ब.सु.प.)

## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेशन सर्टिफिकेट यही मिति २०८१/०३/१५ गते बुटवल चौराहादेखि गोलपार्क जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम : चन्द्रकला पाण्डे**
**रजिष्ट्रेशन नं. :** ६३४६०२०२८
**सिम्बोल नं.:** २०९६२१
**पास गरेको वर्ष :** २०६४
**सम्पर्क :** ९८१४४७७८८३,९८४७५१३०८१

## ट्वाइलेट सफा गराउनुहोस्

**बुटवल सेनेटरी प्रा.लि.**

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

**सम्पर्क:**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

**आले डेण्टल हस्पिटल प्रा. लि.**

श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

**दाँत, मुख तथा गिजा उपचार केन्द्र**






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com